नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०
चलानी नं.:- ५५९

मितिः- २०८०/०३/०३

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ८३७ मिति २०८०/०२/३१ को परिपत्र गरिदिने सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौँ
गुणस्तर मापदण्ड तथा नियमन शाखा

सम्पर्क:०१-४२५४७५९
वेवसाइट: www.mohp.gov.np

आ.व. : २०७९/८०
च.नं. : ८३८

मिति: २०८०/०२/३१

बिषय: स्थानीय तहलाई परिपत्र गरिदिने बारे।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौँ

प्रस्तुत बिषयमा नेपालमा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपातमा असमानता देखा पर्न लागेको र विभेदपूर्ण लिंग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८मा समेत विभेदपूर्ण लिङ्ग छनौटको अन्त्य गर्ने कार्यनीति तथा कार्ययोजना रहेको तथा मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ र ८ मा एवं सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १७ मा समेत गर्भको लिङ्ग पहिचान गर्ने कार्यलाई कानुनत: दण्डनीय अपराध मानेको हुँदा आफ्नो मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा त्यस्ता गतिबिधि नहुने बातावरण तयार गर्न स्थानीय तहहरुलाई सम्बोधन गरी लेखिएको पत्र तहाँ मन्त्रालयबाट सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालयको मिति २०८०/२/३१ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ।

२०८०/२/३१

एकदेव खनाल
उपसचिव